नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(योजना तथा जग्गा प्रशासन........शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- ३।१।०८२।८३
प्राप्त पत्र संख्याः- ...............
च.नं.:- ३३६

मितिः वि.सं. २०८२।११।१०
ने.सं. ११४६

विषयः **"भूमि दर्पण" पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धमा ।**

श्री महाशाखा सबै,
श्री विशेष नापी कार्यालय सबै,
श्री नापी कार्यालय बनेपा (डिजिटल),
श्री नापी कार्यालय सबै।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २०८२/८३, च.नं. ३६८, मिति २०८२/१०/२१ को पत्र यसै साथ संलग्न राखी पठाइएको छ। व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई इच्छुक कर्मचारीहरुले आफ्नो लेख रचना उल्लेखित विषयक्षेत्र र ढाँचामा मिति २०८२ चैत्र १५ गते भित्र मन्त्रालयको इमेल ठेगाना planning@molcpa.gov.np (cc: shr.sanjeevan@gmail.com, nabraj.acharya@nepal.gov.np) मा पठाउनु हुन आदेशानुसार अनुरोध छ।

(ई. ज्योति ढकाल)
नापी अधिकृत

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा)

प.सं. २०८२/८३/ च.नं. ३४८

मितिः २०८२।१०।२१

**विषयः 'भूमि दर्पण' पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धमा।**

श्री सबै महाशाखा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।
श्री भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौं।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं।
श्री नापी विभाग, मीनभवन, काठमाडौं।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री गुठी संस्थान, त्रिपुरेश्वर, काठमाडौं।

यस मन्त्रालयबाट 'भूमि दर्पण' पत्रिकाको तेस्रो अङ्क प्रकाशन हुन गइरहेको हुँदा उक्त पत्रिकामा लेख रचना समावेश गर्न इच्छुक तहाँ महाशाखा/आयोग/विभाग/प्रशिक्षण केन्द्र/संस्थान तथा अन्तर्गतका महाशाखा/शाखा/कार्यालयहरुमा कार्यरत कर्मचारीहरुबाट देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा मिति २०८२ चैत १५ गतेभित्र यस मन्त्रालयको इमेल ठेगाना planning@molcpa.gov.np (cc: shr.sanjeevan@gmail.com, nabraj.acharya@nepal.gov.np ) मा प्राप्त हुने गरी पठाउनु हुन आदेशानुसार अनुरोध छ।

**विषयक्षेत्रहरूः**

जग्गा नापजाँच, जग्गा प्रशासन र भूमि व्यवस्थापनका सम्बन्धमा गरिने सेवा प्रवाह तथा यसको सैद्धान्तिक एवं व्यवहारिक पक्ष एवम् संस्थागत स्मृतिसंग सम्बन्धित विषय।

**लेख/ रचनाको ढाँचाः**

क) शीर्षक (Title)
ख) लेख/रचनाको सारांश (बढीमा २०० शब्दमा) र पाँच शब्दको कि वर्ड (Keywords)
ग) पृष्ठभूमि (Background)
घ) अध्ययनको विधि (Methodology) (आवश्यक भएमा मात्र)
ङ) मुख्य विषयवस्तु/विश्लेषण (Main Subject/Analysis)
च) निष्कर्ष (Conclusion)
छ) सन्दर्भ सामाग्री (Reference)

नापी विभाग
दर्ता नं.: ९४८६
प्राप्त मिति: २०८२-१०-२३

**अन्य विषयवस्तुः**

- लेखकको इमेल, मोवाइल नम्बर, आवद्ध संस्था र पद उल्लेख गरी लेखकको पासपोर्ट साइजको डिजिटल फोटो उपलब्ध गराउनु पर्नेछ।
- लेख/रचनाहरू कम्तिमा २००० (दुई हजार) देखि बढीमा ४००० (चार हजार) शब्दमा हुनु पर्नेछ (अनुसूची र सन्दर्भ सामाग्री सूची बाहेक)।
- लेख रचनाको माध्यम नेपाली भाषामा Unicode Kalimati, ११ Font Size मा Word File उपलब्ध गराउनु पर्नेछ।
- सन्दर्भ सामाग्री (तथ्य, तथ्याङ्क वा कुनै Statement को लागि अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने)
- यस पत्रिकामा प्रकाशनको लागि पठाइएका लेख/रचनाहरू अन्यत्र प्रकाशन नभएको हुनु पर्नेछ।

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

प.सं. २०८२/८३/ च.नं. ३६८

- लेख/रचनामा व्याकरणीय शुद्धता र भाषा सम्पादनमा विशेष ध्यान दिनु पर्नेछ।
- प्राप्त लेख/रचना प्रकाशन हुने/नहुने निश्चित नभइकन अन्यत्र प्रकाशनका लागि पठाउन पाइने छैन।
- प्राप्त लेख रचनाहरू पत्रिकामा प्रकाशन गर्ने वा नगर्ने अधिकार सम्पादन मण्डलमा रहनेछ।
- लेख रचनाहरूको Blind Review गरिने भएको हुँदा पुनरावलोकनकर्ताबाट प्राप्त सुझाव समेटी लेख/रचनामा सुधार गर्नुपर्नेछ।

<u>**थप जानकारीका लागि सम्पर्क:**</u>
उपसचिव श्री संजिवन श्रेष्ठ (मोबाइल नं.९८६५४६४७५२)

२०८२।१।८।२१

नवराज आचार्य
शाखा अधिकृत